# छब्बिसौं नगर परिषद्का निर्णयहरु

निर्णय नं. १. एकीकृत योजना तर्जुमा समितिबाट सिफारिस भई काठमाडौं महानगरपालिकाको मिति ०७२ असार २८ गतेको निर्णयानुसार प्रमुख तथा कार्यकारी अधिकृतले पेश गरेको परिमार्जित क्षेत्रगत नीति, रणनीति तथा कार्यनीतिसहितको आर्थिक वर्ष २०७२/०७३ को बजेट, योजना तथा कार्यक्रमलाई पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. २. काठमाडौं महानगरपालिकाको आर्थिक वर्ष २०७०/७१ को अन्तिम लेखापरीक्षणको प्राप्त प्रतिवेदनका आधारमा प्रतिवेदनमा औंल्याइएका बेरुजुहरूको लगत राखी बेरुजु फछ्र्यौट गर्न र प्रतिवेदनमा उल्लेख भएका सुझावहरूको आधारमा खर्च प्रणालीमा सुधार गर्न तथा वित्तीय प्रतिवेदन प्रणालीमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन गर्न काठमाडौं महानगरपालिकालाई कार्ययोजना बनाई कार्यान्वयन गर्न निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ३. आर्थिक वर्ष २०७२/७३ को निमित्त राजश्व परामर्श समितिबाट प्राप्त राजस्व सम्भाव्यता अध्ययन प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ४. काठमाडौं महानगरपालिका कार्यालय, पदपूर्ति समितिको सचिवालयबाट पेश हुन आएको आर्थिक वर्ष २०७१/७२ को वार्षिक प्रतिवेदन पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. ५. आर्थिक वर्ष २०७१/७२ मा निर्माण कार्य सम्पन्न भई काठमाडौं महानगरपालिकाको निर्णयबाट जाँचपास तथा फरफारक भई आएका योजनाहरूको जाँचपास प्रतिवेदन पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. ६. काठमाडौं महानगरपालिकाको विद्युतीय सुशासनसम्बन्धी गुरुयोजना पारित गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. ७. काठमाडौं महानगरपालिकामा विभिन्न सेवा तथा समूह (महानगर प्रहरीसमेत) मा कार्यरत सहायकस्तरका कर्मचारीले सेवा तथा समूह परिवर्तनको लागि एक पटकको निमित्त समान तहका पद तथा सेवा समूहमा देहायबमोजिमका प्रक्रिया पूरा गर्ने गरी नियमानुसार परिवर्तन गर्न सहमति दिने निर्णय गरियो ।

क) कम्तीमा ३ वर्ष स्थायी सेवा गरेको,

ख) कुनै एक सेवा समूहका समान तहको पदबाट अर्को सेवा समूहको समान तहको पदमा सेवा परिवर्तन गर्दा त्यस्तो सेवा समूहको लागि तोकिएबमोजिम निवेदकको योग्यता पुगेको र प्रचलित मापदण्ड पूरा गरेको,

ग) परिवर्तन गरिने पदका लागि आवश्यक शैक्षिक योग्यता भएको र उक्त पदसँग सुहाउँदो सम्बन्धित सेवा समूहको ज्ञान हासिल गरी योग्यता परीक्षणमा उत्तीर्ण भएको,

घ) स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २१३ (ख) को व्यवस्थामा कुनै प्रभाव नपर्ने गरी खुला प्रतियोगिताबाट पदपूर्ति हुने पदमा निर्धारण हुने संख्याको अधिकतम १० प्रतिशतमा समान तहमा पद र सेवा परिवर्तन गर्ने, र

ङ) पदपूर्ति समितिले सञ्चालन गरेको योग्यता परीक्षा उत्तीर्ण गरेका उम्मेद्वारहरुमध्ये योग्यताक्रमका आधारमा सेवा समूह परिवर्तन गरिनेछ ।

निर्णय नं. ८. बढ्दो विद्युतीय संकटलाई मध्यनजर गर्दै वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र र नेपाल विद्युत प्राधिकरणसँग समन्वय र सहकार्य गरी महानगर क्षेत्रभित्र समुदायमा आधारित (Cluster based) सौर्य ऊर्जा प्रवर्द्धन कार्यक्रम लागू गर्ने निर्णय गरियो ।

निर्णय नं. ९. महानगर क्षेत्रभित्र हुने सार्वजनिक विकास निर्माणका कार्यलाई गुणस्तरयुक्त र प्रभावकारी तुल्याउन 'महानगरस्तरीय पूर्वाधार निर्माण मापदण्ड, २०७२' तीन महिनाभित्र तयार गरी कार्यान्वयनमा ल्याउन काठमाडौं महानगरपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. १०. महानगर क्षेत्रभित्रको बसोबासलाई सुरक्षित, व्यवस्थित र मर्यादित तुल्याई नागरिक कर्तव्य पालनामा सघाउ पुऱ्याउन नागरिक आचारसंहिता तर्जुमा गरी लागू गर्न काठमाडौं महानगरपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ११. नेपाल सरकारको सहयोगमा महानगरभित्रका घना बस्ती रहेका भित्री सहरी क्षेत्रमा निजी, सरकारी तथा विभिन्न अर्धसरकारी संघ संस्थाका घर तथा जग्गा खरिद गरी खुला स्थलका रुपमा विकास गर्ने र भित्री सहरी क्षेत्रमा नेपाल सरकारसँग सहकार्य गरी एकीकृत आवास योजना (house pooling) लागू गर्ने निर्णय गरियो ।

निर्णय नं. १२. २५ औं नगर परिषदको निर्णय नं. २५ मा भएको व्यवस्था २०७३ असार मसान्तसम्म कायम रहने निर्णय गरियो ।

निर्णय नं. १३. महानगर क्षेत्रभित्र सरकारी, सामाजिक, शैक्षिक एवम् सार्वजनिक संस्थाको नाममा रहेको जमीनमा व्यापारिक प्रयोजनको लागि भवन बनाउने कार्यलाई निरुत्साहित गरी त्यस्ता स्थानमा खुला मनोरञ्जन स्थल, सवारी साधन पार्किङ एवम् उद्यान बनाई व्यावसायिक लाभ लिने गरी संरचना विकास गर्न प्रोत्साहन गर्ने निर्णय गरियो ।

निर्णय नं. १४. काठमाडौं महानगरपालिका कार्यालयमा कार्यरत कर्मचारीको सरुवा मापदण्ड र सेवा सुविधा मापदण्ड तर्जुमा गरी कार्यान्वयनमा ल्याउन काठमाडौं महानगरपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. १५. वडा कार्यालयहरुबाट प्रदान गर्दै आएको सेवालाई थप प्रभावकारी बनाउन वडा कार्यालयको परिमार्जित संगठन संरचना स्वीकृत गरियो । जनसंख्या र राजस्व असुलीका हिसाबले ठूला वडा कार्यालयहरुमा दरबन्दी कायम गर्दा हाल विद्यमान कूल दरबन्दी संख्या नबढ्ने गरी ४, ६, ७, ११, १४, १५, १६, २९, ३४ र ३५ मा अधिकृतस्तर सातौं तह (प्रशासन) र अन्य वडा कार्यालयहरुमा अधिकृतस्तर छैठौं तह (प्रशासन) को दरबन्दी कायम गरी प्रशासकीय प्रमुखको रुपमा खटाउने निर्णय गरियो ।

निर्णय नं. १६. न्याय प्रणालीलाई प्रभावकारी बनाउन 'द्रूत न्याय सम्पादन निर्देशिका, २०७२' पारित गरियो । महानगरपालिकामा व्यक्तिगत रुपमा उजुरी गर्दा सार्वजनिक सरोकारका विषयबाहेकका विषयमा अनिवार्य रुपमा सदाचार फारम भराई कबुलियत गराई निवेदन दर्ता गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

निर्णय नं. १७. महानगरपालिका क्षेत्रभित्र उपयुक्त स्थान पहिचान गरी सार्वजनिक निजी साझेदारी अवधारणाअनुरुप सहरी सेवा केन्द्रहरु निर्माण गरी सञ्चलानमा ल्याउने निर्णय गरियो ।

निर्णय नं. १८. काठमाडौं महानगरपालिकाअन्तर्गत सञ्चालित कार्यक्रमहरुमा नयाँ कर्मचारी नियुक्ति गर्न दरबन्दी सिर्जना गर्नुपरेमा नगर परिषद्बाट गर्ने निर्णय गरियो ।

निर्णय नं. १९. हनुमानढोका दरबार क्षेत्र संरक्षण कार्यक्रमका लागि करारमा नियुक्त गर्ने गरी आर्किटेक्ट इन्जिनियर पदको एक दरबन्दी सिर्जना गर्ने निर्णय गरियो ।

निर्णय नं. २०. स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १२३ तथा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम १३८ र स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ३० बमोजिम काठमाडौं महानगरपालिका कार्यालयले सम्पन्न गरेको आर्थिक वर्ष २०७१/७२ को आयोजनाको जाँचपास तथा फरफारकसम्बन्धी काठमाडौं महानगरपालिकाको निर्णय अनुमोदन गरियो ।

निर्णय नं. २१. नेपाल सरकारको सहयोगमा सहरी स्वास्थ्य सेवा निर्देशिका, २०७१ वमोजिम सञ्चालित ६ वटा सामुदायिक सहरी स्वास्थ्य क्लिनिकमा करारमा कर्मचारी नियुक्ति गर्ने गरी देहायबमोजिम दरबन्दी सिर्जना गर्ने निर्णय गरियो ।

| **पद** | **दरबन्दी संख्या** |
|---|---|
| क) हेल्थ असिस्टेन्ट (हे.अ.) | चार (४) |
| ख) असिस्टेन्ट हेल्थ वर्कर (अ.हे.व.) | छ (६) |
| ग) अक्जुलरी नर्सिङ मिडवाइफ (अ.न.मी. | छ (६) |

निर्णय नं. २२. दस हजार वर्ग फिटभन्दा बढी क्षेत्रफल भएका वा १७ मिटरभन्दा अग्ला भवनहरूको निर्माण गर्दा तेस्रो पक्ष प्रमाणीकरण (Third Party Verification) को प्रक्रिया कार्यान्वयनमा रहेकोमा सो लाई कायमै राखी अन्यका हकमा काठमाडौं महानगर क्षेत्रभित्र भवन निर्माण गर्दा तेश्रो पक्ष प्रमाणीकरण (Third Party Verification) को कार्य आगामी ६ महिना भित्र शुरु गर्न महानगरपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. २३. तला थप माग गरिएको भवनको नक्सा पासको हकमा तला थप गरिने मौजुदा संरचनाको प्रचलित भवन संहिता अनुसार प्राविधिक परीक्षण गराए पछिमात्र स्वीकृति दिने निर्णय गरियो ।

निर्णय नं. २४. आर्थिक वर्ष २०७१/०७२ को बजेटमा देहायबमोजिमको संशोधन स्वीकृत गर्ने निर्णय गरियो ।

| बजेट कोड | बजेट रकम | बार्षिक बजेट | थप बजेट | घटाउने बजेट | संसोधित बजेट |
|---|---|---|---|---|---|
| 700102 | स्थायी कर्मचारी तलब | 165,000,000.00 | 23,100,000.00 | | 188,100,000.00 |
| 700107 | अन्य सल्लाहकार सुविधा | 800,000.00 | 160,000.00 | | 960,000.00 |
| 700400 | कर्मचारी सञ्चयकोष थप | 16,000,000.00 | 2,310,000.00 | | 18,310,000.00 |
| 710205 | कार्यालय मालसामान | 6,700,000.00 | 1,000,000.00 | | 7,700,000.00 |
| 701505 | गोल्डन ह्याण्डसेक | 30,000,000.00 | | 29,770,000.00 | 230,000.00 |
| 721001 | अन्य विविध | 6,300,000.00 | 3,500,000.00 | | 9,800,000.00 |
| 701502 | निवृत्तिभरण | 18,000,000.00 | 1,800,000.00 | | 19,800,000.00 |
| 700104 | करार कर्मचारी तलब | 45,000,000.00 | | 1,800,000.00 | 43,200,000.00 |
| 750102 | अन्य आय तथा कर, दस्तुर | 10,500,000.00 | | 3,500,000.00 | 7,000,000.00 |
| 701504 | सञ्चित उपचार खर्च | 13,500,000.00 | 2,700,000.00 | | 16,200,000.00 |
| 7110001 | कार्यालय भवन भाडा | 1,000,000.00 | 500,000.00 | | 1,500,000.00 |
| 860422 | हाम्रो काठमाडौ कार्यक्रम | 6,500,000.00 | 3,200,000.00 | | 9,700,000.00 |
| 860303 | सम्पदा संरक्षाण अन्य कार्यक्रम | 42,500,000.00 | | 3,290,000.00 | 39,210,000.00 |
| 861805 | दमकल सञ्चालन व्यवस्थापन तथा अन्य खर्च | 450,000.00 | 90,000.00 | | |
| 861408 | सफाइसम्बन्धी कर्मचारी पारिश्रमिक | 240,000,000.00 | 16,000,000.00 | | 256,000,000.00 |
| 861404 | वतावरण विभाग अन्य कार्य | 40,035,000.00 | | 16,000,000.00 | 24,035,000.00 |
| | जम्मा रकम | 642,285,000.00 | 54,360,000.00 | 54,360,000.00 | 641,745,000.00 |

निर्णय नं. २५. महानगर क्षेत्रभित्र सडक, सडक पेटी, गल्ली, चोक, सार्वजनिक स्थल तथा नदीनालामा फोहोर फाल्ने कार्यलाई नियन्त्रण गर्न स्थानीय संघ/संस्था, क्लब, उपभोक्ता समिति तथा टोल सुधार समितिसँग सहकार्य गर्ने निर्णय गरियो ।

निर्णय नं. २६. काठमाडौं महानगरपालिका कार्यालयले आर्थिक वर्ष २०७१/०७२ मा विभिन्न मितिमा तीन पटक सार्वजनिक सुनुवाइ गरी पेश हुन आएका प्रतिवेदनहरू पारित गरी प्रतिवेदनमा औंल्याइएका सुझावहरूलाई क्रमशः कार्यान्वयन गर्दै लैजान काठमाडौं महानगरपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. २७. आर्थिक वर्ष २०७२/७३ को काठमाडौं महानगरपालिका कार्यालयका कर्मचारीहरूको तलवी प्रतिवेदन पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. २८. काठमाडौं महानगरपालिका कार्यालयले नेपाल टेलिभिजनबाट सञ्चालन गर्दै आएका टेलिभिजन कार्यक्रमहरू सञ्चालनार्थ नेपाल टेलिभिजनसँग गरिएको सम्झौता आपसी सहमतिमा एक वर्षका लागि नवीकरण गर्ने तथा कार्यक्रम उत्पादनका सम्बन्धमा काठमाडौं मिडिया प्रा.लि.को सम्झौता २०७२ साल असोजसम्म थप गर्ने र तत्पश्चात खुला प्रतिस्पर्धाको आधारमा उत्पादक छनोट गर्न काठमाडौं महानगरपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. २९. फोहोरमैला व्यवस्थापन तथा शुल्क संकलन अध्ययन कार्यदल, २०६९ को सिफारिससमेतलाई आधार लिई सार्वजनिक निजी साझेदारी अवधारणा अनुरुप प्रतिस्पर्धाका आधारमा फोहोरमैला संकलन र व्यवस्थापन गर्न काठमाडौं महानगरपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ३०. काठमाडौं महानगरपालिकाले पेश गरेको 'सम्पदा संरक्षण कोष सञ्चालन निर्देशिका, २०७२' पारित गरी सोसम्बन्धी यसअघि पारित निर्देशिका खारेज गर्ने निर्णय गरियो ।

निर्णय नं. ३१. सम्पदा मार्गमा रहेका निजी भवनहरुको बाहिरी आवरण सम्पदामैत्री बनाउन बजेटमा विनियोजन भएको रकमबाट सम्बन्धित घरधनीलाई सहयोग उपलब्ध गराउन आवश्यक मापदण्ड बनाई लागू गर्न काठमाडौं महानगरपालिलाई अधिकार प्रत्यायोजन गरियो ।

निर्णय नं. ३२. महानगर क्षेत्रभित्रका निजी घरमा रहेका पुरातात्विक महत्वका झ्याल ढोका काठमाडौं महानगरपालिका कार्यालयले मर्मत सम्भार गरी पुनः प्रयोग गर्नसक्ने अवस्थामा सम्बन्धित धनीलाई फिर्ता गर्ने र पुनः प्रयोग हुन नसक्ने देखिएमा संग्रालयलाई हस्तान्तरण गरी संरक्षण गर्ने निर्णय गरियो ।

निर्णय नं. ३३. महानगर क्षेत्रभित्र भएका खाद्य, पेय तथा सूर्तीजन्य पदार्थ उत्पादक तथा वितरक कम्पनीहरुबाट निस्कने पानपराग, गुट्का, चाउचाउ, तेल, दुग्ध तथा पेय पदार्थ (ट्रेटा प्याकेट) का खोल तथा पेयर तथा मदिराजन्य वस्तुका बोतलहरुको व्यवस्थापन गर्नको लागि फोहोरमैला व्यवस्थापन ऐन, २०६८ को दफा १८ बमोजिम फोहोरमैला व्यवस्थापन सेवा शुल्क लगाउने निर्णय गरियो । सोबाट प्राप्त हुने सम्पूर्ण शुल्क, दस्तुर तथा जरिवाना वातावरण संरक्षण कोषमा जम्मा गरी कार्यविधि बनाई वातावरण संरक्षणका कार्यमा खर्च गर्ने निर्णय गरियो ।

निर्णय नं. ३४. महानगर क्षेत्रभित्र बिक्री वितरण हुने विद्युतीय सामानजन्य फोहोरमैला व्यवस्थापन गर्न त्यस्तो सामान उत्पादन र बिक्री वितरण उद्योग, कम्पनी तथा डिलरबाट काठमाडौं महानगरपालिकाले तोकिएबमोजिम शुल्क लिने र त्यस्ता फोहोर व्यवस्थापनको उचित प्रबन्ध गर्ने निर्णय गरियो ।

निर्णय नं. ३५. भूकम्पका कारण पूर्ण क्षति भएका व्यावसायिक तथा आवासीय भवनहरुको नक्सा स्वीकृत गर्दा सोही प्रयोजनका लागि स्वीकृत माग भई आएमा नक्सा दस्तुरमा ७५ प्रतिशत र आंशिक क्षति भएकालाई २५ प्रतिशत छुट दिने साथै, भूकम्प पीडितलाई परिचयपत्रका आधारमा महानगरपालिकाले गर्ने सिफारिस दस्तुरमा आर्थिक वर्ष २०७२/०७३ का लागि छुट दिने निर्णय गरियो ।

निर्णय नं. ३६. काठमाडौं महानगरपालिकाको २५ औं नगरपरिषद्को निर्णय नम्बर २७ बमोजिम गठित समितिले दिएको प्रतिवेदनमा उल्लेख भएका विषयहरुलाई कार्यान्वयन गर्ने तथा ३० दिनको सूचना दिई सम्बन्धित सबै पक्षलाई आआफ्नो सम्झौता पेश गर्न अनुरोध गर्ने र सो समयमा प्राप्त हुन नसके त्यस्तो सम्झौता स्वतः निस्क्रिय हुने निर्णय गरियो ।

निर्णय नं. ३७. आर्थिक वर्ष २०७२/०७३ सम्मको कर रकममा निम्न अनुसारको छुट दिने निर्णय गरियो । साथै, करका दायरामा नआएका करदाता २०७२ पुसभित्र दर्ता हुन आएमा हालसम्म लाग्ने जरिवानामा ५० प्रतिशत छुट दिने निर्णय गरियो ।

क) घर जग्गा कर : कर रकममा दश प्रतिशत (२०७२ असोज मसान्त सम्म)

ख) घर बहाल कर : कर रकममा दश प्रतिशत (२०७२ पौष मसान्त सम्म वा सोही अवधिमै एक मुष्ट वार्षिक तिरे बुझाएमा पनि छुट हुनेछ)

ग) व्यवसाय कर : कर रकममा दश प्रतिशत (२०७२ पौष मसान्त सम्म)

घ) सवारी कर : कर रकममा दश प्रतिशत (२०७२ पौष मसान्त सम्म)

ङ) मनोरञ्जन कर : कर रकममा दश प्रतिशत (२०७२ पौष मसान्त सम्म)

च) पूर्ण क्षति भएका घरमा सञ्चालन भएका व्यवसायलाई व्यवसाय करमा ५० प्रतिशत छुट

निर्णय नं. ३८. सार्वजनिक यातायातलाई सहज र सर्वसुलभ बनाउन साझा यातायात सहकारी संस्थासँग सहकार्य गर्ने कार्यक्रमअन्तर्गत १० करोड रुपैयाँबराबरको बस खरिद गरी सोबराबरको सेयर कायम गर्ने गरी लगानी गर्ने निर्णय गरियो ।

निर्णय नं. ३९. काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयूकेएल) को सेयर बिक्री गर्न चाहने सेयरधनीबाट काठमाडौं महानगरपालिकाले सेयर खरिद गर्ने निर्णय गरियो ।

निर्णय नं. ४०. काठमाडौं महानगरपालिकाबाट तयार भई कार्यान्वयनमा रहेको Risk Sensitive Land Use Plan मा २०७२ वैशाख १२ मा गएको विनासकारी भूकम्पपछिको अवस्थासमेतलाई विश्लेषण गरी थप स्तरोन्नति गरिएको हुँदा स्वीकृत गरी सोहीअनुरुप कार्यसञ्चालन गर्ने निर्णय गरियो । साथै समुदायस्तरमा 'विपद् स्वयम्सेवक निर्देशिका' तयार गरी लागू गर्न काठमाडौं महानगरपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४१. काठमाडौं महानगरपालिकामा कार्यरत विभागीय प्रमुख तथा आयोजना प्रमुखहरुसँग कार्यसम्पादनको सम्झौता गर्ने निर्णय गरियो ।

निर्णय नं. ४२. महानगर प्रहरी सेवालाई थप प्रभावकारी बनाउन "नगर प्रहरी विनियमावली, २०७२" स्वीकृत गरियो । साथै उक्त विनियमावलीको कार्यान्वयनको लागि आवश्यक दरबन्दी पुनरावलोकन गरी थपघट गर्न काठमाडौं महानगरपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४३. नेपाल सरकारसँगको सहकार्यमा घनावस्तीका बीचमा रहेका कलकारखानाहरु, शिक्षण संस्था तथा तालिम केन्द्रहरु, वारुदखाना र कारागारहरु स्थानान्तरण गरी महानगर क्षेत्रभित्र थप खुला स्थल विकास तथा विस्तार गर्ने निर्णय गरियो ।

निर्णय नं. ४४. महानगर क्षेत्रभित्र सार्वजनिक निजी साझेदारीमा खुलामञ्च तथा लैनचौरमा भूमिगत र धर्मपथ स्थित काठमाडौं महानगरपालिकाको स्वामित्वमा रहेको जमिनमा वहुतले पार्किङ्ग स्थलको विकास गर्न आवश्यक अध्ययनका लागि काठमाडौं महानगरपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ४५. महानगर क्षेत्रभित्र घरपालुवा जनावर दर्ता प्रक्रिया शुरु गर्न काठमाडौं महानगरपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ४६. सार्वजनिक जग्गाको भोगाधिकार नभएको, का.म.पा.बाट भवन निर्माण इजाजत प्राप्त नगरेका तथा सम्पदाका संरचनालाई असर पुग्ने गरी निर्माण गरिने कुनै पनि भौतिक संरचनामा अनुदान नदिने र त्यस्ता संरचनाको निर्माण रोक्का राख्ने निर्णय गरियो ।

निर्णय नं. ४७. बेरुजु फछ्र्यौटसम्बन्धी काठमाडौं महानगरपालिकाको मिति २०७२ आषाढ २८ गतेको निर्णय अनुमोदन गरियो ।

निर्णय नं. ४८. काठमाडौं महानगरपालिकाको बोर्ड वैठकले आर्थिक वर्ष २०७१/०७२ मा गरेका निर्णयहरु अनुमोदन गरियो ।

निर्णय नं. ४९. २०७२ साउन १ गतेदेखि देहायबमोजिमको कर, दस्तुर, शुल्क तथा जरिवाना लागू गर्ने निर्णय गरियो । हनुमान ढोका दरबार क्षेत्र प्रवेश शुल्कमा भएको वृद्धिको हकमा २०७२ कात्तिक १ गतेदेखि लागू हुने निर्णय गरियो ।

| क्र.सं. | विवरण | आ.व.०७२।०७३ का लागि स्वीकृत दर रु. | कैफियत |
|---|---|---|---|
| १ | घर जग्गा नामसारी सिफारिस | १०००।०० | |
| २ | मोही लगत कट्टा | ५०००।०० | |
| ३ | घर कायम सिफारिस | १५००।०० | |
| ४ | छात्रबृत्ति शिफारिस | १००।०० | |
| ५ | विपन्न विद्यार्थी छात्रबृत्ति शिफारिस | नलाग्ने | |
| ६ | अपांग सिफारिस | नलाग्ने | |
| ७ | अस्थाई बसोबास सिफारिस | स्वदेशी २०००।००विदेशी ५०००।०० | |
| ८ | स्थाई बसोवास सिफारिस | ५००।०० | |
| ९ | नगारिकता सिफारिस | ५०।०० | |
| १० | अंगिकृत नागरिकता सिफारिस | १००००। | |
| ११ | आर्थिक अवस्था सम्बन्धी सिफारिश (बलियो) | ५०००।०० | |
| १२ | आर्थिक अवस्था सम्बन्धी सिफारिश(कमजोर) | २५।०० | |
| १३ | विद्यूत जडान सिफारिस (नक्सा पास भएको) | १०००।०० | |
| १४ | विद्यूत जडान सिफारिस(नक्सा पास नभएको) | ५०००।०० | |
| १५ | धारा जडान सिफारिस (नक्सा पास भएको) | १०००।०० | |
| १६ | धारा जडान सिफारिस(नक्सा पास नभएको) | ५०००।०० | |
| १७ | जिवित रहेको सिफारिस | ५००।०० | |
| १८ | जन्म मिति संशोधन सिफारिस | ५००।०० | |
| १९ | जग्गा मुल्यांकन सिफरिस/प्रमाणित | प्रति हजार रु १।०० | बिद्यार्थी प्रयोजनका लागि मूल्याङकन रु १५००।०० |
| २० | व्यवसाय बन्द सिफारिस | २०००।०० | |
| २१ | व्यवसाय सञ्चालन नभएको सिफारिस | २०००।०० | |
| २२ | ब्यापार व्यवसाय नभएको सिफारिस | २०००।०० | |

| | | | |
|---|---|---|---|
| २३ | अदालत शूल्क मिनाहा सिफारिस | २५।०० | |
| २४ | नावालक सम्वन्धी सिफारिस | २००।०० | |
| २५ | चौपाया सम्वन्धी सिफारिस | ५००।०० | |
| २६ | ब्यवसाय दर्ता सर्जमिन सिफारिस | १५००।०० | |
| २७ | उद्योग ठाउसारी सिफारिस | १०००।०० | |
| २८ | विद्यालय ठाउंसारी सिफारिस(निजी) | ५०००।०० | |
| २९ | आन्तरिक बसाईसराई सिफारिस | १००।०० | |
| ३० | विद्यालय कक्षा बृद्धि सिफारिस(निजी) | १०,०००।०० | |
| ३१ | पुर्व प्राथमिक विद्यालय खोल्ने सिफारिस/अनूमति(निजी) | १०,०००।०० | |
| ३२ | व्यक्तिगत विवरण सिफारिस | ५००।०० | |
| ३३ | जग्गा दर्ता सिफारिस (प्रति आना) | ५,०००।०० | |
| ३४ | जग्गा दर्ता नामसारी सिफारिस | ५०००।०० | |
| ३५ | संरक्षक सिफारिस (ब्यक्तिगत) | नलाग्ने | |
| ३६ | संरक्षक सिफारिस (संस्थागत) | १००।०० | |
| ३७ | कित्ताकाट सिफारिस (प्रति आना) | १०००।०० | |
| ३८ | सरकारको नाममा बाटो कायम सिफारिस | १००।०० | |
| ३९ | नाता प्रमाणित सिफारिस (नेपाली) | २५।०० | |
| ४० | नाता प्रमाणित सिफारिस (अंग्रेजी) | ५००।०० | |
| ४१ | कोठा खाल्ने रोहबरमा बस्ने | ५००।०० ब्यक्तीगत | प्रति पसल ५०० |
| ४२ | नि:शूल्क वा स:शूल्क स्वास्थ्य उपचार सिफारिस | २५।०० | |
| ४३ क | अन्य कार्यालयको माग अनूसार विवरण खूलाई पठाउनुपर्ने | नलाग्ने | |
| ४३ ख | अन्य कार्यालयको माग अनूसार विवरण खूलाई पठाउनुपर्ने र रोहबरमा बस्नुपर्ने पत्र तथा काम | १०००।०० | |
| ४४ | संस्था दर्ता सिफारिस (नाफामुखी) नवीकरण | १०००।०० | सिफारिश गर्दा जून निकायलाई सिफारिश गरिएको हो सो निकायमा दर्ता भएको जानकारी गराउन अनूरोध गर्ने । |
| ४५ | संस्थादर्ता सिफारिस (गैह्र नाफामूखी) | १०००।०० एक पटक, नविकरण ५००।०० प्रति वर्ष | |
| | INGO को हकमा | दर्ता रु.२०००।००, नविकरण रु.१०००।०० प्रति वर्ष | |
| ४६ | घर बाटो प्रमाणित, (मुल सडक अन्तर्गत) | ३ आना संम्म रु ३००० त्यस पछि प्रति आना १५००।०० | आठ मिटर चौडाई वा सो भन्दा बढी फराकिला सबै कालोपत्रे भएका सडक/बाटोहरु |
| ४७ | घर बाटो प्रमाणित, (सहायक पिच) सडक अन्तर्गत | ३ आना सम्म रु ३००० त्यस पछि प्रति आना १०००।०० | आठ मिटर चौडाई भन्दा घटीका २.५ मिटर भन्दा माथिका कालोपत्रे भएका सडक/बाटोहरु (यसमा |

| | | | |
|---|---|---|---|
| | | | ईटा छापिएका, ढुङ्गा छापिएका ढलान गरिएका सबै सडकलाई पक्की सडक भनी सहायक पिच सडक सरह मान्नुपर्दछ । |
| ४८ | घर बाटो प्रमाणित, (कच्ची मोटर बाटो) | ३ आना सम्म रु २००० त्यस पछि प्रति आना ८००।०० | २.५ मिटर चौडाई भन्दा माथिका कालो पत्रे नभएका सबै ग्राभेल सडक/बाटोहरु |
| ४९ | घर बाटो प्रमाणित, (गोरेटो बाटो/बाटो नभएको समेत) | ३ आना सम्म रु १००० त्यस पछि प्रति आना ८००।०० | २.५ मिटर चौडाई भन्दा साना सबै बाटोहरु |
| ५० | चार किल्ला प्रमाणित (चार आना सम्म) | २०००।०० | |
| ५१ | चार किल्ला प्रमाणित (चार आना भन्दा बढीको हकमा) | प्रति एक आना ५००।०० | आना भन्दा कम भएमा १ आना मानिने छ । |
| ५२ | जन्म मिति प्रमाणित | ३००।०० | |
| ५३ | विवाह प्रमाणित | ३००।०० | |
| ५४ | घर पाताल प्रमाणित | ५०००।०० | प्राकृतिक प्रकोप भएमा सर्जिमिनको आधारमा छूट दिनसकिने छ । |
| ५५ | फरक, फरक नाम, थर सिफारिस/प्रमाणित | ३००।०० | |
| ५६ | फरक फरक जन्म मिति प्रमाणित/शिफारिस | २००।०० | |
| ५७ | कागज/मञ्जूरीनामा प्रमाणित | १०००।०० | |
| ५८ | संरक्षक प्रमाणित | २५।०० | |
| ५९ | हकदार प्रमाणित | २०००।०० | |
| ६० | अन्य प्रमाणित | १०००।०० | |
| ६१ | अविवाहित प्रमाणित | १०००।०० | |
| ६२ | नाम थर संसोधन शिफारिस | ५००।०० | |
| ६३ | जग्गा रेखांकन/सम्वन्धी रोहबरमा बस्ने | २०००।०० | |
| ६४ | जग्गा धनी पुर्जा हराएको शिफारिस | १०००।०० | |
| ६५ | पुर्जामा घर कायम गर्ने सिफारिस | १०००।०० | |
| ६६ | अंग्रेजी सिफारिस तथा प्रमाणित | ५००।०० | |
| ६७ | मिलापत्र कागज गराउने | ५००।०० | |
| ६८ | पूरानो बसपार्कमा सवारी साधन प्रवेश शूल्क (प्रति दिन) | क) ठूला बस रु.४०<br>ख) मिनि बस रु.३०<br>ग) माईको बस रु.२०<br>घ) अन्य यात्रू बाहक रु.१५ | |
| ६९ | होर्डिङ्ग बोर्ड (बिज्ञापन पाटी)<br>क) होर्डिङ बोर्ड प्रति बर्ग फूट<br>ख) नियोन, ग्लो साईन आदि प्रति वर्गफूट<br>ग)पर्खाल, बार, भित्ता, आदिमा आफ्नो | क) होर्डिङ बोर्ड, नियोन, ग्लो साईन आदि प्रति वर्ग फूट रु ५००।००<br>ख) डिजीटल डिस्प्लेहरु प्रति वर्ग फूट ८००।०० | नेपाल सरकार र काठमाडौ महानगरपालिकाले विज्ञापन प्रचार प्रसार नियमन गर्ने नीति २०७० अनूसार निषेध गरेका र गरिएका |

| | | | |
|---|---|---|---|
| | कम्पनि संस्थाको रंग पोत्ने आदिमा प्रति वर्ग फूट<br><br>घ) सार्वजनिक स्थान र यात्रू प्रतिक्षालयमा राख्ने विज्ञापन सामाग्रिमा प्रति वर्ग फूट<br><br>ङ.) उपरोक्त बाहेकका अन्यका हकमा प्रति वर्ग फूट | ग)पर्खाल, बार, भित्ता, आदिमा आफ्नो कम्पनि संस्थाको रंग पोत्ने आदिमा प्रति वर्ग फूट ८००।००<br><br>घ) सार्वजनिक स्थान र यात्रू प्रतिक्षालयमा राख्ने विज्ञापन सामाग्रिमा प्रति वर्ग फूट २७५।०० र<br><br>ङ.) उपरोक्त बाहेकका अन्यका हकमा प्रति वर्ग फूट रु ५००।००<br><br>च) पोल ब्यानर प्रति हप्ता प्रति ब्यानर रु.५००।०० | व्यवस्थाहरु स्वतः कार्यन्वयन हूनेछ । |
| ७० | आकाशे पूलमा बिज्ञापन | बर्षिक प्रति वर्ग फिट रु ३००।०० | |
| ७३ | मोबाइल भ्यान, गाडीबाट गरिने विज्ञापन व्यवसाय (प्रति दिन) | दैनिक रु.१००।०० | |
| ७४ | आकाशमा बेलून, ज्याकेटमा वा बेलून बोकेर गरिने विज्ञापन (प्रति दिन) | रु.१००।०० | |
| ७५ | खेलकूद मैदानमा गरिने विज्ञापन(प्रति स्वायर फिट) | रु.१०।०० | |
| ७६ | ठेला गाडा रिक्सामा गरिने खाद्य सम्बन्धि व्यवसाय (प्रति दिन) | रु.२०।०० र फोहोरमैला शूल्क रु.३०।०० | का.म.पा.बाट स्वीकृती लिएका स्थानमा मात्र गर्नूपर्ने, फोहोरमैला संकलन गर्ने भांडोको व्यवस्था व्यवसायी आफैले गर्नूपर्ने । त्यस्ता फोहोरहरु तोकिएको स्थानमा मात्र विर्सजन गर्ने वा सवारी साधनलाई उपलब्ध गराउनू पर्नेछ । |
| ७७ | ठेला गाडा रिक्सामा गरिने खाद्य बाहेक (प्रति दिन) | रु.२०।०० र फोहोर मैला शूल्क रु२०।०० | का.म.पा.बाट स्वीकृती लिएका स्थानमा मात्र गर्नूपर्ने, फोहोरमैला संकलन गर्ने भांडोको व्यवस्था व्यवसायी आफैले गर्नूपर्ने । त्यस्ता फोहोरहरु तोकिएको स्थानमा मात्र विर्सजन गर्ने वा सवारी साधनलाई उपलब्ध गराउनू पर्नेछ । |
| ७८ | नाता प्रमाणित दस्तूर | रु.२००।०० | |

| | | | |
|---|---|---|---|
| ७९ | जन्म/मृत्यू/विवाह/बसाई सराई/सम्बन्ध विच्छेद दर्ता (३५ दिन भित्र नि:शूल्क, त्यस पछिको ३५ दिन भित्र रु.८ त्यसपछिको जति दिन भएपनि रु.५०) | रु.५०।०० | |
| ८० | काउन्सिल भेरिफिकेसन | रु.१००।०० | |
| ८१ | **<u>हनूमानढोका तर्फ</u>**<br>मुभि विदेशी (सार्क राष्ट्र बाहेक) छायांकन<br>सार्क राष्ट्र मूभि छायांकन<br>म्यूजिक भिडियो (नेपाली)<br>नेपाली चलचित्र | रु.५५०००।०० प्रति दिन<br>रु.३५०००।००प्रति दिन<br>रु.५०००।०० प्रति दिन<br>रु.२००००।०० प्रति दिन | मातृभाषामा बन्ने (Movie) मूभिलाइ लाग्ने करको १० प्रतिशत मात्र |
| | हनूमान ढोका प्रवेश शूल्क | रु.१०००।०० | का.म.पा.५००,<br>हनूमानढोका<br>दरवार संरक्षण विकास समिति रु.२५०।००,<br>पूर्ननिर्माण कोष<br>रु.२५०।०० |
| ८२ | ठेला रिक्शा नामसारी/ठाउं सारी<br>ठेला रिक्शा दर्ता | रु.५००।००<br>रु.५०।०० | |
| ८३ | इन्जिनियरिङ्ग दर्ता/नविकरण (सुचिकृत) शूल्क | रु.७०००।०० | |
| ८४ | क) सवारी साधनको छातमा गरिएको विज्ञापनका हकमा प्रति वर्ग फुट<br>ख) सवारी साधनको ढोका वा अन्य यस्तै भागको विज्ञापनका हकमा प्रति वर्ग फुट<br>ग) सवारी साधनको पछाडी पट्टिको सिसामा विज्ञापनका हकमा प्रति वर्ग फुट<br>घ) सवारी साधनमा विज्ञापन प्रयोजनकालागि माईकिङ्ग प्रति दिन<br>ङ.) पिक अप भ्यान वा यस्तै प्रकारका सवारी साधनको पछाडीको भागमा राखिने जुन कुनै प्रकारको विज्ञापन सामाग्रिको प्रति वर्ग फुट | क) रु ५०।००<br>ख) रु ४०।००<br>ग) रु ६०।००<br>घ) रु.१००० ।००<br>ङ) रु. २०।०० | |
| ८५ | अंग्रेजी सिफारिश दस्तूर | रु.५००।०० | |
| ८६ | अनलाइन विज्ञापन | प्रति घण्टा रु.१००।०० | |
| ८७ | मेट्रो एफ.एम.विज्ञापन (प्राइम टाइम 6 A.M.-9A.M., 6 P.M.-9 P.M. प्रति मिनेट) | रु.२००।०० | |

| | | | |
|---|---|---|---|
| ८८ | सामान्य समय (नर्मल टाइम) प्रति मिनेट | रु.१००।०० | |
| ८९ | क) घरपालुवा पशु/जनावरहरुका धनीबाट प्रति वर्ष प्रति गोटा<br><br>ख) घरपालुवा पंक्षी (कुखुरा, हाँस आदि) हरुका धनीबाट प्रति खोर प्रति वर्ष<br><br>ग) व्यवसायीक रुपमा पालिने पशुपंक्षी जनावरहरुका धनीबाट प्रति गोठ प्रति वर्ष<br><br>घ) पशु पंक्षीको बधशाला र माथि नपरेका अन्य कुनै भएमा प्रति वर्ष<br><br>ङ) आफूले पालेका पशु पंक्षी तथा अन्य जनावरलाई सार्वजनिक स्थलमा मल मुत्र गराएमा सम्बन्धीत धनीलाई प्रति पटक | क) रु १००।-<br>ख) रु.२००।-<br>ग) रु.५००।-<br>घ) रु.१००<br>ङ) रु.१०० | आवश्यक तयारी पुरा गरेपछि मात्र लागु गरिनू पर्ने |
| ९० | सिस्डोल ल्याण्ड फिल्ड साइटमा का.म.पा. बाहेकका फोहोर मैला विसर्जन गर्ने सवारी साधनका लागि देहाय अनुसार शुल्क लिने छ।<br>(क) ८ टन देखि माथिको गाडीका लागि<br>(ख) ७.९९ टन सम्मका लागि | क) रु.५००।-<br>ख) रु.३००।- | |
| ९१ | भवन निर्माण स्वीकृती आवासीय प्रयोजनको लागि प्रति वर्ग फुट | रु.२५ | भुकम्पकाकारण पूर्णरुपमाक्षति भई सोही जग्गामा सोहि प्रयोजन लागि नयाँ भवन निर्माण स्वीकृत मागेमा लाग्ने दस्तुरमा चालु आ.व.०७२।०७३ को लागि ७५ प्रतिशत छुट दिने। आंसीक क्षेति भएकोमा सोहि प्रयोजन का लागि २५ प्रतिशत छुट। |
| ९२ | व्यवसायीक प्रयोजनको लागि प्रति वर्ग फुट | रु.३५ | भुकम्पकाकारण पूर्णरुपमाक्षति भई सोही जग्गामा सोहि प्रयोजन लागि नयाँ भवन निर्माण स्वीकृत मागेमा लाग्ने दस्तुरमा चालु आ.व.०७२।०७३ को लागि ७५ प्रतिशत छुट दिने। आंसीक क्षति भएकोमा सोहि प्रयोजन का लागि २५ प्रतिशत छुट। |
| ९३ | भवनको निर्माण स्वीकृती मापदण्ड भित्र रहेता पनि नक्शा स्वीकृति नलिई निर्माण भै सकेको भवनको नक्शा स्वीकृत गर्नु परेमा प्रति वर्ग फुट | रु.५० | |

| | | | |
|---|---|---|---|
| ९४ | भवन नक्शा नामसारी दस्तुर तर्फ मृतक दा.खा.को हकमा प्रति वर्ग फिट | रु.३<br>अन्यको हकमा प्रति वर्ग फुट रु.५।- (पाँच रुपैया) | |

| सि.नं. | निजि कन्टेनर सेवा | ४ क्यू. मि. क्षमता दररेट (रकम रु) | ५ क्यू. मि. क्षमता दररेट ( रकम रु) | ६ क्यू. मि. क्षमता दररेट ( रकम रु) | प्रति पटक | पुष्टायाई |
|---|---|---|---|---|---|---|
| ९६ | व्यापारिक तथा औद्योगिक प्रतिष्ठान | २९०० | ३६०० | ४२५० | प्रति पटक | ३ वर्ष अधिको इन्धन मूल्य र हालको मूल्य करिव ३० प्रतिशतले वृद्धि भएको २५ प्रतिशतले दररेट वृद्धि गरिएको |
| ९७ | निजि आवास तथा संध संस्थाहरु | १७५० | २१०० | २५०० | प्रति पटक | |
| ९८ | सरकारी तथा अर्ध सरकारी निकाय | २४०० | २९०० | ३४०० | प्रति पटक | |
| ९९ | विदेशी कुटनीति नियोग | ३५०० | ४२५० | ५००० | प्रति पटक | |

| सि.नं. | विवरण | सानो गाडी (३ क्यू मी) नयाँ दररेट रु | ठुलो गाडी (६ क्यू मी) नयाँ दररेट | कैफियत | पुष्टायाई |
|---|---|---|---|---|---|
| १०० | निजी ढल खोल्ने जेट मेशिन | ८०० | १६०० | प्रति घण्टा | ३ वर्ष अधिको इन्धन मूल्य र हालको मूल्य करिव ३० प्रतिशतले वृद्धि भएको ले २५ प्रतिशतले दररेट वृद्धि गरिएको |
| १०१ | पानी ट्यांकी सेवा ( ६००० ली) | १६०० | | प्रति ट्रिप | |
| १०२ | फोहर वोक्ने टिपर सेवा | २३०० | | प्रति ट्रिप | |
| १०३ | Small Garbage Truck (सानो चाइनिज) सेवा | १६०० | | प्रति ट्रिप | |
| १०४ | ठुलो कन्टेनर सेवा १४, ३ दैनिक ५ कि.मी. वढार्ने संध संस्था | ४००० | | प्रति ट्रिप | |
| १०५ | ठुलो कन्टेनर सेवा १४,३ सडक नवढर्ने संध संस्था | ७८०० | | प्रति ट्रिप | |
| १०६ | चाइनावाट प्राप्त ग्रिन गारवेज विन सेवा फुटोन गाडी (वाल्टिन) | १०० | | प्रति वाल्टिन उठाएवापत | |
| १०७ | सडक वढार्ने व्रुमर सेवा गाडी | ७०० | | प्रति घण्टा निजी क्षेत्रमात्र इन्धन प्रयोगकर्ता | |

| क्र.स | सेवाको विवरण | क्षमता | संख्या | दररेट | धरौटी रकम (रु) | पुष्टायाई |
|---|---|---|---|---|---|---|
| १०८ | ग्रीन गारवेज वीन सेवा | २४० लि. | १ | १०० | क) ५ वटा सम्मको रु ५,०००।-<br>ख) ५ भन्दा माथि १५ वटा सम्मको रु.१०,०००।-<br>ग) १५ भन्दा माथि ३० वटा | ३ वर्ष अधिको इन्धन मूल्य र हालको मूल्य करिव ३० प्रतिशतले वृद्धि भएको ले २५ प्रतिशतले दररेट वृद्धि गरिएको |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | सम्मको रु.२५,००० ।- | |
| | | | | | घ) ३० भन्दा माथि ५० वटा सम्मको रु.४०,००० ।- | |
| | | | | | ङ) ५० भन्दा माथि १०० वटा सम्मको रु. ७५,००० ।- | |
| | | | | | च) १०० वटा भन्दा माथि २०० वटा सम्मको रु. १,५०,०००।- | |

| क.स | फोहर उत्सर्जनका क्षेत्रहरु | किसिम | फोहरको परिणाम ( लि/ वीन) | क्षेत्रफल (व.फि.) | दर रेट | कैफियत |
|---|---|---|---|---|---|---|
| १०९ | **House hold घर** | $HH_1$ | १५ | | २२० | प्रत्येक थप १५ लि का लागि अतिरिक्त रु १२५ रुपैया लिइने छ। |
| ११० | **पसल (Shops)** | | | | | |
| | ११०.१ सामान्य पसल | $GS_1$ | ३२ | | ३७५ | प्रत्येक थप १५ लिटरका लागि अतिरिक्त १२५ रुपैया र ३२ लि. का लागि २०० रुपैया लिइने छ। |
| | ११०.२ मासु पसल | $GS_2$ | ३२ | | ६२५ | प्रत्येक थप १५ लि. का लागि थप १२५ रुपैया र ३२ लि. का लागि ३५० रुपैया अतिरिक्त शुल्क लाग्नेछ। |
| | ११०.३ फलफुल तथा जुस पसल | $GS_3$ | ३२ | | ६२५ | प्रत्येक थप १५ लि. का लागि थप १२५ रुपैया र ३२ लि. का लागि ३५० रुपैया अतिरिक्त शुल्क लाग्नेछ। |
| | ११०.४ फलफुल तथा वोट विरुवा पसल | $GS_4$ | ३२ | | ५०० | प्रत्येक थप १५ लिटरका लागि अतिरिक्त १२५ रुपैया र ३२ लि. का लागि २०० रुपैया लिइने छ। |
| १११ | **डिपार्टमेन्ट स्टोर्स** | DS | २४० | | ५००० | प्रत्येक थप २४० लि. का लागि थप ३५०० रुपैया अतिरिक्त शुल्क लाग्नेछ। |
| ११२ | **पार्टी प्यालेस, रेष्टुरेन्ट तथा चिया पसल** | | | | | |
| | ११२.१ चिया पसल | $RT_1$ | १५ | २५० | ३१५ | प्रत्येक थप १५ लि. का लागि थप १२५ रुपैया अतिरिक्त शुल्क लाग्नेछ। |
| | ११२.२ रेष्टुरेन्ट | $RT_2$ | ३२ | ५०० | ६२५ | प्रत्येक थप १५ लि. का लागि थप १२५ रुपैया र ३२ लि. का लागि ३५० रुपैया अतिरिक्त शुल्क लाग्नेछ। |
| | ११२.३ रेष्टुरेन्ट | $RT_3$ | ५० | १००० | १८५० | प्रत्येक थप १५ लि. का लागि थप १२५ रुपैया, ३२ लि. का लागि ३५० रुपैया र ५० लि. का लागि १००० रुपैया अतिरिक्त शुल्क लाग्नेछ। |
| | ११२.४ रेष्टुरेन्ट | $RT_4$ | २४० | १००० भन्दा वढी | ६२५० | प्रत्येक थप ५० लि. का लागि थप १००० रुपैया र २४० लि. का लागि ३५०० रुपैया अतिरिक्त शुल्क लाग्नेछ। |
| | ११२.५पार्टी प्यालेस | PP | २४० | | ७५०० | प्रत्येक थप २४० लि. का लागि ३५०० रुपैया अतिरिक्त शुल्क लाग्नेछ। |
| ११३ | होटल, लज तथा गेष्ट हाउस | **HLG** | | | | |
| | ११३.१ होटल/ लज/ गेष्ट हाउस | $HLG_1$ | ५० | | १८५० | प्रत्येक थप ५० लि. का लागि थप १००० रुपैया अतिरिक्त शुल्क लाग्नेछ। |
| | ११३.२ मझौला होटल | $HLG_2$ | २४० | | ६२५० | प्रत्येक थप ५० लि. का लागि थप १००० रुपैया र २४० लि. का लागि ३५०० रुपैया अतिरिक्त शुल्क लाग्नेछ। |
| | ११३.३ तीन तारे होटल | $HLG_3$ | कन्टेनर सेवा | | ४५०० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | ११३.४ चारतारे होटल | $HLG_4$ | कन्टेनर सेवा | | ६००० | |
| | ११३.४ पाँचतारे वा सो भन्दा माथिल्लो स्तरको होटल | $HLG_5$ | कन्टेनर सेवा | | ७५००० | |
| ११४ | विद्यालय तथा कलेज | **SC** | | | | |
| | ११४.१ साना विद्यालय | $SC_1$ | | २०० जना सम्म विद्यार्थी भएको | १२०० | सरकारी विद्यालयका हकमा तोकिएको शुल्कमा ६० प्रतिशत छुट दिइनेछ। |
| | ११४.२ मझौला विद्यालय | $SC_2$ | | ५०० जना सम्म विद्यार्थी भएको | १९०० | सरकारी विद्यालयका हकमा तोकिएको शुल्कमा ६० प्रतिशत छुट दिइनेछ। |
| | ११४.३ ठुला विद्यालय | $SC_3$ | | ५०० जना भन्दा वढी विद्यार्थी भएको | ४४०० | सरकारी विद्यालयका हकमा तोकिएको शुल्कमा ६० प्रतिशत छुट दिइनेछ। |
| | ११४.४ साना आवासीय विद्यालय | $SC_4$ | | | २५०० | सरकारी विद्यालयका हकमा तोकिएको शुल्कमा ६० प्रतिशत छुट दिइनेछ। |
| | ११४.५ मझौला आवसीय विद्यालय | $SC_5$ | | | ४४०० | सरकारी विद्यालयका हकमा तोकिएको शुल्कमा ६० प्रतिशत छुट दिइनेछ। |
| | ११४.६ ठुला आवसिय विद्यालय | $SC_6$ | | | ८७०० | सरकारी विद्यालयका हकमा तोकिएको शुल्कमा ६० प्रतिशत छुट दिइनेछ। |
| ११५ | सरकारी/ संस्थागत कार्यालय / वैदेशिक नियोग तथा कुटनैतिक नियोग | **GI0** | | | | का.म.पा. ले उपलब्ध गराएको संकलन सेवा (कन्टेनर/ गाडी/ ग्रीन गारवेज वीन) का लागि तोकिएको शुल्क लागु हुनेछ। |
| ११६ | सिनेमा हल | **CH** | | | | |
| | ११६.१ हाइभिजन हल | $CH_1$ | | | ३१०० | |
| | ११६.२ सिनेमा हल | $CH_2$ | | २ वटा सिनेमा देखाउन मिल्ने हलका हकमा | ४४०० | सो भन्दा माथी प्रति हल रु ५०० थप शुल्क लाग्नेछ। |
| ११७ | अस्पताल, नर्सिङ्गहोम आदि | **HN** | | | | का.म.पा. ले उपलब्ध गराएको संकलन सेवा (कन्टेनर/ गाडी/ ग्रीन गारवेज वीन) का लागि तोकिएको शुल्क लागु हुनेछ। |
| ११८ | उद्योग | **IND** | | | | का.म.पा. ले उपलब्ध गराएको संकलन सेवा (कन्टेनर/ गाडी/ ग्रीन गारवेज वीन) का लागि तोकिएको शुल्क लागु हुनेछ। |

| सि. नं. | विवरण | २०७२ को प्रस्तावित नयां दररेट | कैफियत |
| --- | --- | --- | --- |
| ११९ | प्रवेश शुल्क | २५।०० | यो ब्यबस्था रत्नपार्क, बालाजु,शंखपार्क लगाएतमा लागूहने छ । अपाङ जेष्ट नागरिक लाई आवश्यक प्रमाणाका आधारमा छूट दिने । |
| १२० | प्रवेश शुल्क (बिद्यार्थि छुट) | १५।०० | |
| १२१ | मोटरसाइकल पार्किङ्ग | २०।०० | |
| १२२ | मोटर/मुभि क्यामरा | ५०।०० | |
| १२३ | स्विमिङ्ग पुल शुल्क (पुरा) | १५०।०० | |
| १२४ | स्विमिङ्ग पुल शुल्क (विद्यार्थी/महिला छुट) | १२५।०० | |
| १२५ | स्विमिङ्ग पुल लकर शुल्क | ३०।०० | |
| १२६ | स्विमिङ्ग विद्यार्थी छुट(समुहमा २० जना भन्दा वढी) | १००।०० | |
| १२७ | स्विमिङ्ग सुरक्षा निकाय तालिम छुट(समुहमा २० जना भन्दा वढी) | १००।०० | |
| १२८ | स्विमिङ्ग पुल शुल्क (मासिक मिमेम्वर) | ३,५००।०० | |
| १२९ | स्विमिङ्ग पुल शुल्क (सिजनल मिमेम्वर) | १०,०००।०० | |
| १३० | मनचोरन्जन कर (ड्राई फुड) | ३००।०० | |
| १३१ | १ नम्बर टहरा पिकनिक | २,०००।०० | बालाजू बाइसधारा भित्र |
| १३२ | १ नम्बर टहरा विवाह /व्रतवन्ध | ५,०००।०० | |
| १३३ | २ नम्बर टहरा पिकनिक | २,०००।०० | |
| १३४ | २ नम्बर टहरा विवाह/व्रतवन्ध | ५,०००।०० | |
| १३५ | चमेना घर पिकनिक | २,०००।०० | |
| १३६ | चमेना घर विवाह /व्रतवन्ध | ५,०००।०० | |
| १३७ | झिलिमिलि घर पिकनिक | १,५००।०० | |
| १३८ | झिलिमिलि घर विवाह/व्रतवन्ध | ४,०००।०० | |
| १३९ | पालेघर पिकनिक | १,५००।०० | |
| १४० | पालेघर विवाह/व्रतवन्ध | ४,५००।०० | |

| | | | |
|---|---|---|---|
| १४१ | रातो घर पिकनिक | १,५००।०० | बालाजू बाइसधारा भित्र |
| १४२ | रातो घर विवाह/व्रतवन्ध | ४,०००।०० | |
| १४३ | छ कुने टहरा पिकनिक | १,५००।०० | |
| १४४ | छ कुने टहरा विवाह/व्रतवन्ध | ४,५००।०० | |
| १४५ | नयाँ टहरा पिकनिक | १,५००।०० | |
| १४६ | नयाँ टहरा विवाह/व्रतवन्ध | ४,०००।०० | |
| १४७ | कछुवा चौर पिकनिक | १,०५०।०० | |
| १४८ | कछुवा चौर विवाह/व्रतवन्ध | ३,०००।०० | |
| १४९ | १ नं. मुनिको चौर पिकनिक | १,०५०।०० | |
| १५० | १ नं. मुनिको चौर विवाह/व्रतवन्ध | ३,०००।०० | |
| १५१ | भोगटेको चौर पिकनिकको लागि | २,०००।०० | |
| १५२ | भोगटेको चौर बिबाहको लागि | ४,०००।०० | |
| १५३ | विद्युत प्रयोग गरे वापत प्रति प्वाइन्ट | खपत भए अनुसार | |
| १५४ | विदेशी चलचित्र सुटिङ्ग | १०,०००।०० | |
| १५५ | नेपालि ठुलो पर्दाको चलचित्र सुटिङ्ग | ५,०००।०० | |
| १५६ | नेपाली टेलिचलचित्र सुटिङ्ग | ३,०००।०० | |
| १५७ | दोहोरी गीत/म्यूजिक भिडियो सुटिङ्ग | ३,०००।०० | |
| १५८ | बांस बिकि प्रति घना | ३०००।०० | |
| १५९ | जरिवाना शुल्क (न्यूनतम) | ५००।०० | उद्यानको भौतिक सम्पति हानि नोक्सानी गरेमा |

| | | | |
|---|---|---|---|
| १६० | व्यवसायीक भिडियो कर (केवल संचालक) | वार्षिक प्रति सदस्य रु.२००।०० वा एकमूष्ठ रु.५०,०००।०० | |

१) एकै प्रकृतिको शिफारिस वा प्रमाणित कागजात वडा कार्यालयबाट कार्य सम्पन्न गरि केन्द्रमा सिफारिस भएमा वडा कार्यलयमा तोकिएको दस्तूर शुल्क बुझाएको प्रमाण पेश गरेमा पून: सोहि प्रकृतिको सिफारिसमा दस्तूर नलिने ।

२) एकै प्रकृतिको शिफारिस वा प्रमाणित कागजात पुन प्रमाणित गरि दिनु पर्ने भए चालू आ.व. भित्र (एक आर्थिक वर्ष) प्रतिलिपि दस्तुर लिई काम गरि दिने ।

३)  नेपाल भाषामा हूने बिज्ञापनको कूल लाग्ने करमा २५% छूट दिने तर यस्ता विज्ञापनमा नेपाल भाषा बाहेक अन्य भाषा प्रयोग गर्न नपाइने ।

४)  माथि उल्लेखित शुल्क तथा दस्तूरको विवरणमा साबिकमा गरिदै आएको सेवाको दर रेट छूट हून गएको भए साबिककौ दर रेट कायम गर्ने र का.म.पा. बाट गरिदै आएको कार्य प्रकृति फरक पारि वा परि सिफारिस गर्नू पर्ने भए प्रति सिफारिस दस्तुर रु ५००।०० लिई सिफारिस गर्ने ।

५)  भूकम्प प्रभावित परिवारलाई चालु आ.व.०७२।०७३मा का.म.पा.ले गर्ने सबै प्रकारको सिफारिशमा शूल्क छूट दिनेछ सो को कार्यविधि बोर्डले निर्धारण गरे बमोजिम हूनेछ ।

६) वडा कार्यालयको सिफारिसका आधारमा शहरी गरिव भनी पहिचान भएका घरपरिवारको हकमा फोहरमैला व्यवस्थापन सेवा शुल्कमा ३० प्रतिशत सम्म छुट दिइनेछ ।

७) जैविक फोहरलाई घरमै व्यवस्थापन गर्ने घरपविारका हकमा त्यस्तो घरपरिवारवाट उत्सर्जन हुने अजैविक फोहरको व्यवस्थापन वापत छुट्टै शुल्क लिइनेछैन । यसकालागि त्यस्तो घरपरिवारले आफुले जैविक फोहर घरमै व्यवस्थापन गर्ने गरेको सम्वन्धमा का.म.पा समक्ष आवश्यक पुष्ट्याइ गर्नुपर्नेछ ।

८) माथि उल्लेखित फोहर उत्सर्जनका क्षेत्रहरु वाहेक अन्य कुनै नयाँ क्षेत्रमा सेवा शुल्क लगाउनु परेमा का.म.पा. वोर्डले निर्णय गरी सेवा शुल्क तोक्न सक्नेछ ।

९) ललिपुर उपमहानगरपालिका लगाएत निकाय सँग  सहकार्य गर्दा उल्लेख भएको दस्तुर लाग्नै छैन।

१०) सेबा प्रबाह गर्दा तिर्नु  बुझाउनु पर्ने कर शुल्क दाखिला गर्न लगाए पछिमात्र सेबा प्रबाह गर्ने ।

११) जग्गाको मुल्यांकन अनुसार करको हिसाव गर्नुपर्दा आना भन्दा कम भएमा एक आना मानी कर निर्धारण गरिने छ ।